नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**व्यावसायिक शिक्षा तथा तालिम अभिबृद्धि परियोजना (दोस्रो)**
**(Enhanced Vocational Education and Training Project -II)**
बुद्धनगर, काठमाडौं

फोन : ०१-४७८६३११
०१-४७८६४११
फ्याक्स:०१-४७८६५५०

प.सं 065/066
च.नं. 345

मिति: २०७७/०३/११

श्री तालिम तथा रोजगार सेवा प्रदायक संस्थाहरु

विषय: ३ महिने तथा ६ महिने आम्दानी रुजु अनुगमन सम्बन्धमा ।

यस परियोजनाबाट आ.व.२०७५/०७६ मा सञ्चालन भएको नतिजामा आधारित तालिम तह १ र २, महिला विशेष र भौचरमा आधारित तालिमको ३ महिने तथा ६ महिने आम्दानी रुजु अनुगमन कार्य भर्चुअल विधिबाट भैरहेको व्यहोरा यहाँहरुलाई अवगत नै छ ।

उक्त कार्यका लागि सबै संस्थाहरुलाई प्रशिक्षार्थीहरुको Contact Detail का साथै Income Verification Request Letter समयमै पठाउनका लागि सूचना प्रकाशित भै-सकेको छ। केही संस्थाहरुबाट हालसम्म पनि Contact Detail र Income Verification Request Letter प्राप्त हुन अझै बाँकी रहेको हुँदा त्यसरी बाँकी रहेका संस्थाहरुलाई Contact Detail र Income Verification Request Letter यथाशिघ्र पठाइदिनु हुन अनुरोध गरिन्छ । हाल सञ्चालित अनुगमन प्रकृयाका क्रममा केही संस्थाहरुबाट विभिन्न वहानामा अनुगमन कार्यमा सहभागी नभै समय नदिने गरेको भन्ने गुनासो पनि प्राप्त हुन आएकोले अनुगमन प्रकृयामा ENSSURE संस्थाबाट गरिएको अनुगमन योजना मुताविक सरिक भै सहयोग गरिदिनु हुन सबै तालिम प्रदायक संस्थाहरुलाई अनुरोध गरिन्छ । साथै समयमा अनुगमन कार्य सम्पन्न हुन नसकी पछि भुक्तानी प्रकृयामा समेत बाधा पुग्न सक्ने एवम् तालिम तथा रोजगार प्रदायक संस्थाको समन्वय नभएको कारणले कार्यसम्पादन प्रभावित हुन गएमा सोका लागि सम्बन्धित संस्थानै जवाफदेही हुनुपर्ने व्यहोरा समेत सबैलाई अवगत गराउँदै आ-आफ्नो जिम्मेवारी वोध गरी गराई आम्दानी रुजु कार्यलाई सहज रुपमा अगाडि बढाउन सहयोग गर्नु हुन समेत अनुरोध छ ।

२०७७/३/११

..................
(चन्द्रकान्त भुसाल)
परियोजना निर्देशक